# दूधपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गौंडा, लमजुङ
स्थापित :२०७३

प.सं. : ०८०/०८१
च.नं. :

गण्डकी प्रदेश, नेपाल
मिति : २०८०/०४/२३

## सहकारी संस्थाका ऋणी शेयर सदस्यहरुलाई ऋण चुक्ता गर्ने बारेको सूचना

दूधपोखरी गाउँपालिका भित्रका सहकारी संस्थाबाट ऋण लिई तोकिएको समय भित्र ऋणको साँवा व्याज नतिर्दा संस्थामा बचत कर्ता शेयर सदस्यहरुको रकम फिर्ता गर्न केहि सहकारी संस्थाहरुलाई समस्या परेको पाइएको छ ।संस्थाका सदस्यहरुलाई बचत गरेको रकमबाट नै सदस्यहलाई कर्जा प्रवाह गरिने हुँदा ऋणी सदस्यले आफूले लिएको ऋणको साँवा, व्याज समयमै नबुझाँउदा समस्या पैंदा हुनु स्वभाविक हुन्छ ।समाज तथा विभिन्न सामाजिक सञ्जालहरुमा सहकारीको ऋण तिर्नु नपर्ने वा नतिरे पनि हुन्छ भन्ने जस्ता गैरजिम्मेवारीपूर्ण अभिव्यक्तिहरु समेत सुनिन आएको छ ।जुन स्वयं ऋणीहरुको लागि समेत प्रत्युपादक हुन्छ ।ऋण लिए पछि तिर्नु पर्दैन भन्ने कुरा नेपालको प्रचलित ऐन, कानुन विपरित हुन्छ ।दूधपोखरी गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा ६१ बमोजिम कसैले संस्थालाई तिर्न बुझाउन पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्ता रकम र सोको व्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गरिदिन सक्नेछ भन्ने व्यबस्था छ भने दफा ६२ मा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनकको लागि कुनै व्यक्तिको खाता,जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा विक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यबस्था समेत रहेको हुँदा ऋणीले संस्थामा जे सम्झौता वा सर्त वा कबुलियत गरी ऋण लिएको हो सोहि बमोजिम समयमै आफूले लिएको ऋणको साँवा, व्याज रकम दाखिला गरी सहकारीमा देखिएको समस्या समाधानको लागि सहयोग गरिदिनु हुन सबै ऋणी सदस्यहरुहलाई अनुरोध गरिन्छ ।

२०८०/४/२३

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत